**किस्पाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

पत्र संख्या :२०८२/८३

**मिति :२०८२-०७-२६**
**ने.सं - ११४६ कछलागा, २३ बुधबार**

**सूचना !!! सूचना !!! सूचना !!!**

बाबुआमा दुवै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितताका लागि **बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रम** अन्तर्गत बाबुआमाविहिन बालबालिकाको रुपमा यस गाउँपालिकामा दर्ता भएका देहायका अवस्था भएका बालबालिकाहरुले (स्वयं वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्ति) भत्ता प्राप्त गर्न तपसिल बमोजिमको कागजात सहित सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै बाबुआमाविहिन बालबालिकाको रुपमा यस गाउँपालिकामा नाम दर्ता गराउन छुट भएका देहायका अवस्था पुरा भएका बालबालिकाहरुले यस सूचनालाई आधार मानी दर्ता गर्न/गराउनहुन सूचित गरिन्छ।

**देहायः**

**१. भत्ता प्राप्त गर्ने बालबालिकाको अवस्था**

- बाबु आमा दुवैको मृत्यु भएका,
- १८ वर्ष पुरा नभएको,
- ५ वर्ष उमेर पुरा भएका बालबालिकाको हकमा विद्यालय वा उच्च शिक्षामा भर्ना भई नियमित विद्यालय/क्याम्पस जाने गरेको,
- कुनै गैर कानूनी वा अपराधिक कार्यमा संलग्न नभएको

**तपसिलः**

**२. आवेदनको साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः**

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि(नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)
- बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि,
- विद्यालय/क्याम्पसमा भर्ना भई नियमित विद्यालय/क्याम्पस जाने गरेको सिफारिस पत्र (५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा मात्र)
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित बालबालिकाको संरक्षक भएको वडा कार्यालयले दिएको सिफारिस पत्र।

चक्र बहादुर शाही
**प्रमुख प्रशासकीय अधिकृत**